# स्थानीय-राजपत्र

भरतपुर महानगरपालिकाद्वारा प्रकाशित

खण्ड- १ संख्या- ६९ मिति: २०७९/०३/३१

## भाग-२

## भरतपुर महानगरपालिका छोरी जीवन बीमा गर्ने सम्बन्धी कार्यविधि, २०७९

भरतपुर महानगरपालिका

नगर कार्यपालिको कार्यालय,

भरतपुर, चितवन

वागमती प्रदेश, नेपाल

# भरतपुर महानगरपालिका छोरी जीवन बीमा गर्ने सम्बन्धी कार्यविधि, २०७९

पारित मिति २०७९/०३/२९
प्रमाणिकरण मिति २०७९/०३/३१

**प्रश्तावना:**

भरतपुर महानगरवासी छोरीहरुको स्वास्थ्य तथा सुरक्षाका लागि स्थानीय सरकार कटीवद्ध रहेको छ ।यस क्रममा भरतपुर महानगरपालिका भित्र स्थायी बसोबास गर्ने व्यक्तिहरुको सरकारी स्वास्थ्य संस्थामा छोरीको जन्म भएमा भरतपुर महानगरपालिकाको तर्फबाट रकम रु.१ लाख रुपैया बराबरको जीवन बीमा गर्ने भनी नगर प्रमुखज्यूबाट भएको पहिलो निर्णय कार्यान्वयन गर्न भरतपुर महानगरपालिकाले यो कार्यविधि बनाइ कार्यान्वयनमा ल्याइएको छ।

**१. संक्षिप्त नाम र प्रारम्भ:**

१. यस कार्यविधिको नाम भरतपुर महानगरपालिका छोरी जीवन बीमा गर्ने सम्बन्धी कार्यविधि २०७९ रहेको छ।

२. यो कार्यविधि भरतपुर महानगरपालिका नगर प्रमुखज्यू निर्वाचित भई पद बहाली गरेको मिति २०७९/२/११ गतेदेखि लागू हुनेगरी भरतपुर महानगरपालिकाबाट स्वीकृत भएपश्चात कार्यान्वयन हुनेछ।

**२. परिभाषा:**

१. "छोरी" भन्नाले मिति २०७९/२/११ गतेदेखि भरतपुर महानगरवासीबाट जन्मेका छोरी (स्त्री लिङ्ग) लाई सम्झनु पर्छ।

२. जुनसुकै समुदाय, वर्ग, क्षेत्रमा जन्मेको भएतापनि भरतपुर महानगरापलिकाभित्र स्थायी बसोबास गर्ने बाबु /आमाबाट जन्मेको सन्तान छोरीलाई जनाउँछ।

३. "महानगरपालिका" भन्नाले भरतपुर महानगरपालिकालाई सम्झनुपर्छ।

४. "जीवन बीमा गर्ने व्यक्ति" भन्नाले उपदफा (२) बमोजिमको परिवारका ९० दिन मूनिका सन्तानलाई सम्झनुपर्छ।

५. "सरकारी स्वास्थ्य संस्था" भन्नाले नेपाल सरकार, प्रदेश सरकार तथा स्थानीय तह मातहतका सुत्केरी सेवा (बर्थिङ्ग सेन्टर) भएका सरकारी स्वास्थ्य संस्थालाई सम्झनुपर्छ ।

**३.जीवन बीमाको लागि निवेदन दिनुपर्ने :**

१.यस कार्यविधि बमोजिम जीवन बीमा गर्नको लागि छोरी सन्तान सरकारी स्वास्थ्य संस्थामा जन्मेको प्रमाण सहित भरतपुर महानगरपालिकाभित्र स्थायी बसोबास गर्ने परिवारले अनुसूची १ बमोजिमको ढाँचामा महानगरपालिकामा छोरी जन्मेको ९० दिनभित्र निवेदन दिनुपर्छ।

**४.बीमाको सीमा:**



नगर प्रमुख

CamScanner

१. यस कार्यविधि बमोजिम भरतपुर महानगरपालिकाले एक लाखको [illegible] बीमा गरिदिनेछ।

२. बुँदा नं.१ बमोजिमको बीमा महानगरपालिकाको समन्वयमा राष्ट्रिय बीमा कम्पनीको नियमानुसार हुनेछ ।

**५. बीमा गर्ने कार्यविधिः**

१. यस कार्यविधि बमोजिम भरतपुर महानगरपालिकाभित्रका छोरी (दफा २ को उपदफा २ बमोजिम) लाई जीवन बीमा गरिनेछ ।

२.यस कार्यविधि बमोजिम बीमाको लागि अनुसुची १ बमोजिमको ढाँचामा देहायको कागजात संलग्न गरी भरतपुर महानगरपालिका, नगरकार्यपालिकाको कार्यालयमा निवेदन पेश गर्नु पर्दछ।

क. बाबु/आमाको नेपाली नागरिकताको प्रमाण पत्र ।

ख. विवाह दर्ता प्रमाण पत्र ।

ग. सरकारी स्वास्थ्य संस्थामा जन्मेको निस्सा प्रमाण ।

घ. भरतपुर महानगरपालिकामा स्थायी बसोबास गरेको प्रमाण पत्र (नागरिकता/बसाईसराई) ।

ङ. बीमा गर्ने छोरीको जन्म दर्ता प्रमाण पत्र/हालसालै खिचिएको फोटो ।

च. सम्बन्धीत वडा कार्यालयको सिफारिस पत्र।

**६. बीमा कार्यान्वयन समितिः**

१.यस कार्यविधि बमोजिम बीमा सिफारिस गर्न र कार्यक्रमको सदुपयोग सुनिश्चितता प्रदान गर्न देहाय बमोजिमको एक बीमा कार्यान्वय समिति हुनेछ ।

| | | |
|---|---|---|
| क. | नगर प्रमुख, भरतपुर महानगरपालिका | संयोजक |
| ख. | नगर उपप्रमुख, भरतपुर महानगरपालिका | सदस्य |
| ग. | प्रमुख प्रशासकीय अधिकृत, भरतपुर महानगरपालिका | सदस्य |
| घ. | स्वास्थ्य तथा सामाजिक विकास महाशाखा प्रमुख | सदस्य |
| ङ. | आर्थिक प्रशासन महाशाखा प्रमुख | सदस्य |
| च. | जनस्वास्थ्य प्रवर्द्धन शाखा प्रमुख | सदस्य |
| छ. | कानुन अधिकृत कानुन शाखा, | सदस्य |
| च. | महिला बालबालिका तथा समाजकल्याण शाखा प्रमुख | सदस्य-सचिव |

२.बीमा कार्यान्वयन समितिको काम,कर्तव्य र अधिकार :

क. प्राप्त हुन आएका निवेदनहरुको छानविन गर्ने,

ख. मनासिव देखिएका निवेदनउपर कार्यविधि बमोजिमको बीमा कार्यको लागि निर्णय गर्ने।

ग.बीमा प्रभावकारिताको अनुगमन गर्ने।

घ. राष्ट्रिय बीमा संस्थानसँग समन्वय र सहजीकरण गर्ने ।

**७. बजेट निकासा प्रकृयाः** बीमा कार्यान्वयन समितिको निर्णय भई आएका निवेदन अनुसार छोरीलाई राष्ट्रिय बीमा संस्थानमा रु.१००,०००।-(एक लाख) को १५ वर्षे अवधि बीमा गर्नको लागि नियमानुसारको रकम बीमा संस्थानलाई उपलब्ध गराउने।

**८. बीमा रकमः** यस कार्यविधि बमोजिमको बीमा रकम महानगरपालिकाबाट उपलब्ध गराईने छ।

९. दोहोरो बीमा नगरिने: निर्णय भई आएका निवेदनहरुको १ पटक मात्र बीमा गरिने छ ।

१०.झुठा विवरण: झुठा विवरण पेश गरी बीमा गराएको पाइएमा त्यस्तो बीमा कार्य राष्ट्रिय बीमा संस्थानसँग समन्वय गरी खारेज् गरिनेछ।

११. राष्ट्रिय बीमा संस्थान र भरतपुर महानगरपालिका वीच सम्झौता गरी सोही बमोजिम जीवन बीमाको कार्यलाई अगाडि बढाइनेछ ।

१२. विविध:

क. यस कार्यविधिले समेट्न नसकेका परिवारबाट परित्यक्त भई असहाय महिला, जबरजस्ती करणीबाट सरकारी अस्पताल वा स्वास्थ्य संस्थामा जन्म भएका बालिका छोरीको हकमा यस समितिको बैठकले निर्णय गर्न सक्नेछ ।

ख. कार्यविधिको व्याख्या गर्ने वा बाधा अड्काउ फुकाउने अधिकार: कार्यविधि कार्यान्वयनको सिलसिलामा कुनै द्विविधा हुन गएमा सोको व्याख्या वा बाधा अड्काउ फुकाउने अधिकार बीमा कार्यान्यन समितिलाई हुनेछ ।

नगर प्रमुख